## जिल्ला सरकारी वकील कार्यालय मुगुबाट प्रस्तुत गरिएको
## प्रतिवेदन

**कार्यक्रमको नाम** – समुदायमा सरकारी वकील कार्यक्रम

**कार्यक्रम सञ्चालन स्थान** – छाँयानाथ रारा नगरपालिका वडा नं.१ मुगु

**मिति** – २०७७।०७।०२ गते

**कार्यक्रम अवधि** – ४ घण्टा –विहान ०७०० बजे देखि ११०० सम्म)

**सहभागी** – ३२ जना महिला, १० जना पुरुष , जम्मा ४२ जना ।

**कार्यक्रमको परिचय**- सरकारी वकिल कार्यलयबाट सम्पादन गरिने कार्यको जनस्तरमा जानकारी गराई सरकारी वकिल कार्यलयको प्रचार प्रसार गर्ने उदेश्यले समुदायमा सरकारी वकिल कार्यक्रम सरकारी वकिल कार्यलयको वार्षिक कार्यक्रम तथा कार्ययोजना बमोजिम यो कार्यक्रम सञ्चालन गर्न जिल्ला सरकारी वकील कार्यालय मुगुका नि जिल्ला न्यायाधिवक्ता श्री कर्णबहादुर महत, नासु श्री सुनमाया मल्ल, नासु श्री प्रकाशहरी धिताल, अन्य कर्मचारीहरू समेतको टोली भै उक्त कार्यक्रम सञ्चालन गरिएको हो।

**कार्यक्रमको उद्देश्य –**

१ सरकारी वकिल कार्यलयले सम्पादन गर्नुपर्ने कार्यहरूको बारेमा जनस्तरमा प्रचारप्रसार गर्नु।

२ सरकारी वकिलप्रति जनसाधारणको अपेक्षा लिनु।

३. समुदायलाई सरकारी वकील कार्यालयले सम्पादन गर्ने कामको वारेमा जानकारी गराउनु ।

४. समुदायसँग सरकारी वकीलको सम्बन्ध अभिवृद्धि गर्ने ।

५. समुदायलाई परविर्तित कानूनको बारेमा जानकारी गराउने ।

प्रस्तुतकर्ता – निमित्त जिल्ला न्यायाधिवक्ता कर्णबहादुर महत

**प्रस्तुत भएका विषयहरू –**

१. सरकारी वकील कार्यालयले सम्पादन गर्ने कामको बारेमा समुदायलाई जानकारी गराईएको ।

२. सरकारवादी फौजदारी मुद्दाको उजुरी दर्ता,अभियोजन, सुनुवाई तथा फैसला कार्यान्वयनसम्मका वारेमा जानकारी गराईएको ।

३ साक्षीको महत्व र साक्षीले पाउने सुविधा तथा साक्षी सुरक्षाका बारेमा छलफल गरिएको ।

४. हाल कार्यान्वयनमा रहेको मुलुकी अपराध संहिता लगाएतका नयाँ परिवर्तित कानूनका ब्यवस्था सम्बन्धमा छलफल भएको ।

**छलफलका उठेका मुख्य विषयवस्तुहरू –**

देवुमाया रावतले महिलाका सम्बन्धमा नयाँ कानूनी व्यवस्थाको सम्वन्धमा प्रश्न गर्नु भएको थियो।यस्तै राजुमाया शाहीले सरकारी वकील कार्यालयवाट दर्ता हुने मुद्दाहरूको प्रकृतिका सम्वन्धमा जिज्ञासा राख्नु भएको थियो।कर्णसिंह मल्लले सरकार वादी मुद्दाका साक्षीको सेवा सुविधा र सुरक्षा समन्धी प्रश्न राख्नु भएको थियो भने दैला मल्लले मदिरा सेवन गरी होहल्ला गर्ने लाई कस्तो सजाय हुन्छ भनी जिज्ञासा राख्नु भएको थियो।

**छलफलमा उठेका विषयहरूको सम्वोधन**

कार्यक्रममा सहभागीबाट उठान भएका विषयहरूको बारेमा जिल्ला सरकारी वकील कार्यालय, मुगुका निमित्त जिल्ला न्यायाधिवक्ता श्री कर्णबहादुर महतले जवाफ दिनु भएको थियो।२०७५ भाद्र १ देखि लागू मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका नवीनतम कानूनी व्यवस्थाको बारेमा सामान्य जानकारी गराईयो।मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लेख भएका मुद्दाहरूका साथै नेपाल सरकार वादी हुने भनी राजपत्रमा प्रकाशित सरकार वादी मुद्दाहरूको अभियोजन, बहस पैरवी तथा प्रतिरक्षा सरकारी वकीलवाट हुने, सरकार वादी मुद्दामा सरकारी साक्षीहरू प्रहरीद्वारा सरकारी वकील कार्यालयमार्फत गराई सरकारी वकीलले अड्डा अदालतमा साक्षी परिक्षण गराईसके पछि साक्षीहरूको नाम उल्लेख गरी प्रहरी कार्यालयमा पठाएपछि साक्षीहरूले नायव सुब्बाले पाउने भम्रण भत्ता सरहको कानूनमा उल्लेख भएबमोजिम भत्ता पाउने भन्ने समेतका जानकारी गराईयो।सरकारी वकील कार्यालय र सरकारी वकीलले गर्नु पर्ने काम कारबाहीको बारेमा जानकारी गराउनु भएको थियो।

**मुख्य उपलब्धिहरूः–**

१. समुदायलाई सरकारी वकील छुट्टै संवैधानिक निकाय हो र यसले सरकारवादी हुने फौजदारी मुद्दामा बहस पैरवी गर्ने र नेपाल सरकारको सरोकार निहित रिट निवेदनमा प्रतिरक्षा गर्ने तथा कानुनी राय प्रदान गर्ने भन्ने जानकारी भएको ।

२. समुदायसँग सम्बन्ध अविवृद्धि भएको ।

३. सरकारी वकीलले सम्पादन गर्ने कामका बारेमा समुदायलाई जानकारी भएको ।

४.परिवर्तित कानूनका ब्यवस्थाका वारेमा सामान्य जानकारी भएको ।

**सहभागीको सुझाव –**

१. बेलाबखतमा यस्ता कार्यक्रमहरू सञ्चालन गरी जनतालाई सुसूचित गराउनुपर्ने र अन्य ठाउँमा पनि कार्यक्रम गर्न सुझाव भएको।

२. कार्यक्रम अलि लामो समयको भएमा बढी छलफल गर्ने अवसर हुने भनी सुझाव दिईएको।

**आयोजकको अनुभवः–**

समस्याहरूः–

१. आफ्नो सवारी साधन नभएकोले भाडामा सवारी साधन लिनु पर्ने हुँदा दुर्गम स्थानका ठाउँमा कार्यक्रम लिएर जान कठिनाई भएको ।

२. स्रोत सामग्रीहरूको अभाव रहेको।

३ कोभिड १९ का कारण कार्यक्रमको ब्यवस्थापनमा कठिनाई भएको।

**आगामी कार्यक्रमको लागि सुझावः–**

१ कार्यक्रम संचालनको लागि सम्वन्धित बडा कार्यालय, प्रहरी कार्यलयहरूलाई कार्यक्रम समय अगावै जानकारी गराउनुपर्ने।

२ समयको विभाजन गर्ने, वोल्ने वक्ताहरूलाई निश्चित समय निर्धारण गर्ने।

३ कार्यक्रम सञ्चालनको लागि अगाडि नै प्रचारप्रसार गर्ने।

संयोजक – **श्री कर्णबहादुर महत**

प्रतिवेदक **श्री सुनमाया मल्ल**
**श्री प्रकाशहरी धिताल**